# अभिभावक नियुक्तिका लागि निर्देशनहरू - नाबालिग

| |
|---|
| **यी मानक निर्देशनहरू सूचनात्मक उद्देश्यहरूका लागि मात्र हुन् र यिनले तपाईँको मुद्दामा कानुनी सल्लाहको काम गर्दैनन्। यदि तपाईँले स्वयम् प्रतिनिधित्व गर्नु चाहनुभयो भने तपाईँ कुनै न्यायाधिवक्ताका लागि लाग्ने नियम तथा कार्यविधिहरूले बाँधिनुहुन्छ।** |

## सामान्य जानकारी

- उक्त नाबालिग तपाईँले याचिका दायर गरेको काउन्टीको निवासी हुनुपर्नेछ वा कार्यवाहीको आरम्भमा उक्त काउन्टीको अदालतमा उपस्थित हुनु पर्नेछ।
- उक्त नाबालिग वा उसको कल्याणमा रुचि देखाउने कुनै व्यक्तिले मुद्दा दायर गर्नेछन्।
- कोलोराडो अनुसन्धान ब्युरो (CBI) बाट नाम-आधारित आपराधिक विवरण रेकर्ड जाँच तथा प्रस्तावित अभिभावकको वर्तमान क्रेडिट रिपोर्ट अदालतमा दायर गर्नु पर्नेछ।
- यदि उक्त नाबालिगको परिपूरकीय सुरक्षण आय (SSI) वा अन्य कुनै महत्त्वपूर्ण आयजस्तो कुनै आय छ भने वा ऊ घर जग्गा वा स्टक जस्तो सम्पत्तिको मालिक छ भने पैसा वा सम्पत्तिहरूको व्यवस्थापन गर्नका लागि तपाईँले संरक्षकत्व दायर गर्न आवश्यक छ।
- यदि अदालतलाई नाबालिगका लागि कुनै अभिभावक नियुक्त गर्दा नाबालिगको सर्वोत्तम हित हुन्छ भन्ने लागेमा र तलका चार वक्तव्यहरू मध्ये कुनै एक लागू भएमा, अदालतले एक जना अभिभावक नियुक्त गर्न सक्नेछ:
  1. आमाबाबुहरूले यस नियुक्तिप्रति सहमति जनाउँछन्।
  2. अदालतको आदेशले आमाबाबुहरूको पालनपोषण अधिकार अन्य गरेको छ।
  3. आमाबाबुहरू इच्छुक छैनन् वा आफ्ना पालनपोषण अधिकारहरूको अभ्यास गर्न असमर्थ छन्। उदाहरणका लागि, आमाबाबुहरूको मृत्यु भइसकेको छ वा उनीहरूले बच्चा त्याग गरेका छन्।
  4. बच्चाका लागि पहिले नै अभिभावकत्व तेस्रो पक्षलाई प्रदान गरिएको थियो र तदनन्तर तेस्रो पक्षको मृत्यु भयो वा असमर्थ भयो र उक्त अभिभावकले इच्छापत्र वा लिखित लेखपत्र मार्फत कुनै अभिभावक नियुक्त गरेको छैन।
- अतिरिक्त जानकारीका लागि, कृपया §15-14-201 देखि §15-14-210, C.R.S. को समीक्षा गर्नुहोस्।
- यदि तपाईँ अशक्त हुनुहुन्छ र अदालतको पहुँचका लागि युक्तिसङ्गत बन्दोबस्त आवश्यक छ भने कृपया आफ्नो स्थानीय एडिए संयोजकसँग सम्पर्क गर्नुहोस्। सम्पर्क जानकारी निम्नलिखित वेबसाइटबाट प्राप्त गर्न सकिनेछ: http://www.courts.state.co.us/Administration/HR/ADA/Coordinator_List.cfm

## सामान्य शब्दहरू

| | |
|---|---|
| ⌦ वादी: | अभिभावकको नियुक्तिका लागि याचिका दायर गर्ने व्यक्ति। |
| ⌦ अभिभावक: | अदालतले नियुक्त गरेको कम्तीमा 21 वर्ष उमेर भएको, निवासी वा गैर-निवासी व्यक्ति जो कुनै नाबालिगको अभिभावक बन्नका लागि योग्य छ। |
| ⌦ इच्छुक व्यक्ति: | कोलोराडोको कानुनले अदालतको कार्यवाहीको सूचना दिनु पर्छ भनी पहिचान गरेको व्यक्ति। **पूर्णसूचीका लागि चरण 3 हेर्नुहोस्।** |
| ⌦ पत्र: | अभिभावकको अधिकार पहिचान गर्ने औपचारिक सूचना। |
| ⌦ नाबालिग: | 18 वर्ष मुनिको अभिभावकको रेखदेखमा रहेको व्यक्ति। |
| ⌦ अभिभावक नामाङ्कित व्यक्ति: | याचिकामा अभिभावकको रूपमा सेवा गर्ने भनि उल्लिखित व्यक्ति। |
| ⌦ आश्रित: | नाबालिग जसका लागि अभिभावक नियुक्त गरिएको छ। |
| ⌦ आदेश: | पालनपोषणको अवधिमा अभिभावकको अधिकार तथा उसको/उनको जिम्मेवारीहरू पहिचान गर्ने आधिकारिक प्रलेख। |

**यदि तपाईंले यो जानकारी बुझ्नुहुन्न भने कृपया न्यायाधिवक्तासँग सम्पर्क गर्नुहोस्।**

## शुल्कहरू

दायर गर्ने शुल्क $199.00 आवश्यक छ। यदि तपाईंको परिवारको परिस्थिति एक भन्दा बढी बच्चाहरूका लागि अभिभावकत्व दायर गर्ने छ भने र यदि एकै दिनमा दायर गरिने भए, एउटा मात्र दायर शुल्क आवश्यक हुनेछ। यदि तपाईं उक्त शुल्क भुक्तानी गर्न असमर्थ हुनुहुन्छ भने तपाईंले भुक्तानी बिनै दायर गर्ने प्रस्ताव पूरा गर्नु पर्नेछ र सहयोगी आर्थिक सपथपत्र (JDF 205) सहित अदालतमा बुझाउनु पर्नेछ। तपाईंले JDF 205 फाराम पूरा गरिसकेपछि र एउटा रिक्त आदेश (JDF 206) पूरा गरिसकेपछि तपाईंले दायर शुल्क तिर्नु पर्ने नपर्ने कुराको निर्णय अदालतले गर्नेछ।

यस मुद्दाका पक्षले सामना गर्नु पर्ने अन्य शुल्कहरू निम्नानुसार छन्:

- ❑ आदेशहरू तथा पत्रहरूको प्रमाणीकरण — $20.00
- ❑ सेवा शुल्कहरू — भिन्नभिन्न हुन्छ
- ❑ प्रलेखहरूको प्रति — $ 0.75 प्रति पृष्ठ
- ❑ अदालतले अभिभावकत्व नाबालिगको सर्वोत्तम हितमा छ / छैन भनी निर्धारण गर्ने उद्देश्यका निमित्त अनुसन्धान गर्न र अदालतलाई रिपोर्ट गर्न प्रतिनिधि अभिभावक (GAL) नियुक्त गर्नसक्नेछ।

## फारामहरू

अनलाइनबाट फाराम प्राप्त गर्नका लागि **www.courts.state.co.us** मा जानुहोस् र "फारामहरू (**Forms**)" ट्याबमा क्लिक गर्नुहोस्। **परीक्षण-रक्षात्मक कार्यवाही-नयाँ मुद्दा-अभिभावकत्व-नाबालिग** छनोट गरेर उक्त प्याकेट/फारामहरू पिडिएफ वा वर्डमा उपलब्ध छन्। तपाईंले फाराम अनलाइन पूरा गर्न सक्नुहुनेछ वा तपाईंले प्रिन्ट गरी त्यसमा टाइप गर्न वा कालो मसीले स्पष्ट रूपमा लेख्न सक्नुहुनेछ।

**आफूलाई के-कस्ता फारामहरू आवश्यक पर्छन् भनी निर्धारण गर्न यी निर्देशनहरू सावधानीपूर्वक पढ्नुहोस् किनकि तपाईंलाई सूचीकृत फारामहरूमध्ये सबै वा केही आवश्यक पर्नसक्छन्। अदालतका कुनै विशिष्ठ आवश्यकताहरू छन् कि छैनन् भनी पत्ता लगाउन आफूले मुद्दा दायर गर्न चाहेको अदालतमा सम्पर्क गर्नुहोस्।**

- ❑ JDF 705 — परीक्षण मुद्दा जानकारी पत्र
- ❑ JDF 714 — सम्यक उद्यम तथा प्रकाशनको प्रमाणका विषयमा सपथपत्र
- ❑ JDF 716 — प्रकाशनद्वारा सुनवाइको सूचना
- ❑ JDF 719 — सूचनाको छुट
- ❑ JDF 721 — न्यायाधिवक्ताको अपरिवर्तनीय सामर्थ्य
- ❑ JDF 800 — जिम्मेवारीहरूको प्राप्ति स्वीकार
- ❑ JDF 805 — कार्यालयको स्वीकृति
- ❑ JDF 806 — इच्छुक व्यक्तिहरूका लागि सुनुवाइको सूचना
- ❑ JDF 812 — अभिभावक र/वा संरक्षकको नियुक्तिको सूचना
- ❑ JDF 824 — अभिभावकको नियुक्तिका लागि याचिका - नाबालिग
- ❑ JDF 825 — आमाबाबुको सहमति
- ❑ JDF 826 — नाबालिकको सहमति वा नामाङ्कन
- ❑ JDF 830 — अभिभावकत्वका पत्रहरू - नाबालिग

**आफूले कस्तो किसिमको अभिभावकत्व अनुरोध गरेको हो भन्ने कुरामा आधारित रहेर तपाईंले तलका प्रस्तावित आदेशहरूमध्ये एक आदेश दायर गर्नुपर्नेछ।**

- ❑ JDF 827 — अभिभावक नियुक्ति आदेश - नाबालिग
- ❑ JDF 828 — अस्थायी अभिभावक नियुक्ति आदेश - नाबालिग

❑ JDF 829 आपातकालीन अभिभावक नियुक्ति आदेश - नाबालिग

## तपाईँको मुद्दा दायर गर्ने चरणहरू

### चरण 1: फारामहरू पूरा गर्नुहोस्।

यी निर्देशनहरूको छनोटले तपाईंले कुनै नाबालिगको अभिभावकत्वका लागि दायर गर्ने योजना बनाइ रहेको सङ्केत गर्छन्। यदि तपाईंको परिवारको परिस्थिति एक भन्दा बढी बच्चाहरूका लागि अभिभावकत्व दायर गर्ने छ भने, तपाईंले प्रत्येक बच्चाका लागि उपयुक्त फारामहरू तयार गर्न जरूरी छ। गोप्यताको उद्देश्यका लागि प्रत्येक बच्चासँग उसको वा उनको आफ्नै मुद्दा हुनेछ। दायर गर्ने शुल्क $ 199.00 प्रति मुद्दाको दरमा नभएर अभिभावकत्व(हरू) चाहने याचक(हरू)को दरमा हुनेछ। यी याचिकाहरू एकै दिनमा दायर गरिनु पर्नेछन्। दायर गरिएका सम्पूर्ण फारामहरूमा तलको क्याप्सन पूरा गर्न आवश्यक छ। **अदालतमा दायर सम्पूर्ण फारामहरू प्रति बनाएर आफ्नै रेकर्डका राखेको सुनिश्चित गर्नुहोस्।**

| | |
|---|---|
| ☐ डिस्ट्रिक्ट अदालत ☐ डेनभर परीक्षण अदालत<br>__________________ काउन्टी, कोलोराडो<br>अदालतको ठेगाना: | |
| **... का हितमा:**<br><br>**नाबालिग** | **▲ अदालतको प्रयोगका लागि मात्र ▲** |
| नायाधिवक्ता वा न्यायाधिवक्ताबिनैको पक्ष (नाम र ठेगाना):<br><br>फोन नम्बर: इमेल:<br>फ्याक्स नम्बर: एटर्नी दर्ता नं. | मुद्दा नम्बर: |

| | |
|---|---|
| | विभाग: न्यायकक्ष: |
| **फारामको नाम** | |

❑ **नाबालिगका लागि अभिभावकको नियुक्तिका लागि याचिका (JDF 824)।**

- ❑ वादीले उक्त फारामका लागूयोग्य **सम्पूर्ण** खण्डहरू पूरा गर्नुपर्नेछ।
- ❑ यदि बच्चाको बाबु अज्ञात छ भने (जन्म-प्रमाणपत्रमा कुनै नाम देखिँदैन), बच्चाको जन्म-प्रमाणपत्रको एक प्रति याचिकामा संलग्न गर्नुपर्नेछ। यदि पालनपोषण अधिकारहरू अन्त्य गरिएको छ वा आमाबाबुहरूको मृत्यु भई सकेको छ भने खारेजी-पत्रका प्रतिहरू वा जन्म-प्रमाणपत्रका प्रतिहरू याचिकासँग दायर गर्नुपर्नेछ।
- ❑ वादीले यस फाराममा हस्ताक्षर गर्नु पर्नेछ।

❑ **कार्यालयको स्वीकृति (JDF 805)।**

- ❑ यस फारामका सम्पूर्ण लागूयोग्य खण्डहरू पूरा गर्नुहोस् र प्रस्तावित अभिभावकका लागि नाम-आधारित विवरण जाँच रिपोर्ट तथा वर्तमान क्रेडिट रिपोर्ट संलग्न गर्नुहोस्।
  - ❑ प्रस्तावित अभिभावकको चालक प्रमाणपत्र, पासपोर्ट वा अन्य सरकारद्वारा जारी पहिचान पत्रको पढ्नयोग्य प्रति संलग्न गर्नुहोस्।
  - ❑ प्रस्तावित अभिभावकका लागि कोलोराडो अनुसन्धान ब्युरो (CBI) बाट नाम-आधारित आपराधिक विवरण रेकर्ड जाँच प्राप्त गर्नुहोस् र संलग्न गर्नुहोस्। नाम-आधारित आपराधिक विवरण जाँच प्राप्त गर्नका लागि सिबिआइ लाई 690 Kipling Street Denver, CO 80215, (303) 239-4300 मा सम्पर्क गर्नुहोस् वा www.cbi.state.co.us मा जानुहोस् र सिबिआइ रेकर्ड जाँचमा क्लिक गर्नुहोस्।
  - ❑ प्रस्तावित अभिभावकको वर्तमान क्रेडिट रिपोर्ट पाउनुहोस्। तल केही रिपोर्टिङ एजेन्सीहरू दिइएका छन्:
    - ◆ इक्विफ्याक्स, आइएनसि, P.O. Box 740241, Atlanta, GA 30374, 1-800-685-1111 वा www.equifax.com मा
    - ◆ एक्सपेरियन, P.O. Box 2002, Allen, TX 75013, 1-888-397-3742 मा वा www.experian.com मा
    - ◆ ट्रान्सयुनियन, P.O. Box 2000, Chester, PA 19022, 1-800-916-8800 मा वा www.transunion.com मा

- ❑ क्रेडिट रिपोर्टमा पहिचान गरिएका सोसल सेक्युरिटी नम्बरहरू र एकाउन्ट नम्बरहरूको अन्तिम चार अङ्क बाहेकका अङ्कहरू संशोधन (काट्नुहोस्)।
- ❑ सम्पूर्ण आपराधिक विवरण जाँचहरू तथा क्रेडिट रिपोर्टहरूको खर्च प्रस्तावित अभिभावकले भुक्तानी गर्नु पर्नेछ।
- ❑ प्रस्तावित अभिभावकले कार्यालयको स्वीकृतिमा हस्ताक्षर गर्नु पर्नेछ।

❑ **सूचनाको छुट (JDF 719)।**
- ❑ यो फाराम अदालतसामु सुनवाइ वा अन्य मामिलाहरूको सूचना छुट गर्न चाहने इच्छुक व्यक्ति (नाबालिक बाहेक) पूरा गरी हस्ताक्षर गर्नुपर्नेछ।
- ❑ यो फाराम नाबालिगद्वारा पूरा गरिनु हुनेछैन। **चरण 4** मा सूचना आवश्यकताहरू हेर्नुहोस्।

❑ **न्यायाधिवक्ताको अपरिवर्तनीय सामर्थ्य (JDF 721)।**
- ❑ यदि प्रस्तावित अभिभावक राज्य बाहिर बस्ने भए **मात्र** यो फाराम आवश्यक पर्नेछ।
- ❑ राज्य बाहिर बस्ने प्रस्तावित अभिभावकले यो फाराम पूरा गर्नु पर्नेछ र अदालतको क्लर्क सामु वा नोटरी पब्लिक सामु हस्ताक्षर गर्नु पर्नेछ।

❑ **नाबालिगको सहमति वा नामाङ्कन (JDF 826)**
- ❑ नियुक्तिसँग सम्बन्धित 12 वर्ष पुगेको वा सोभन्दा माथिको नाबालिगको कुनै अभिभावकको नियुक्तिमा सहमति जनाउने वा अस्वीकार गर्ने अधिकार रहेको हुन्छ। नियुक्ति प्रति आफ्नो स्वीकृति वा अस्वीकृति जनाउन कुनै पनि नाबालिगले **JDF 826** फाराम पूरा गरी हस्ताक्षर गर्न सक्नेछन्। अदालतले नाबालिगका इच्छाहरूमाथि विचार गर्नेछ, तर सहमति दिन अस्वीकार गर्नाले अदालतले प्रस्तावित अभिभावक नियुक्त गर्दैन भन्ने कुराको ग्यारेन्टी गर्दैन।

**नोट:** यो व्यक्तिगत सेवाको प्रतिस्थापन होइन। चरण 4 - नाबालिगका लागि सुनवाइको सूचना अझै पनि पूरा गर्नुपर्नेछ।

❑ **आमाबाबुको सहमति (JDF 825)।**
- ❑ नाबालिगको आमाबाबुले JDF 825 पूरा गरेर नियुक्तिप्रति सहमति **जनाउन सक्छन्**।

❑ **अभिभावकत्वको पत्र - नाबालिग (JDF 830)**
- ❑ फाराममा भएको क्याप्सन मात्र पूरा गर्नुहोस्।
- ❑ बाँकी फाराम अदालतले पूरा गर्नेछ र अभिभावकको नियुक्तिपछि त्यसमा हस्ताक्षर गर्नेछ।

❑ प्रस्तावित आदेश (**JDF 827, JDF 828 वा JDF 829**)
- ❑ आफूले अनुरोध गरिरहेको अभिभावकत्वको किसिममा आधारित रहेर उपयुक्त आदेश छनोट गर्नुहोस्। उक्त प्रस्तावित आदेश याचिका JDF 824 को नम्बर 1 को तपाईंको छनोटसँग मिल्नु पर्नेछ।
- ❑ क्याप्सनहरू र पृष्ठ एकमा भएको तपाईंको मुद्दामा लागू हुने कुनै पनि खण्ड पूरा गर्नुहोस्।

## चरण 2: तपाईं अदालतमा आफ्ना कागजपत्र दायर गर्न तयार हुनुहुन्छ।

माथिको चरण 1 मा वर्णन गरेअनुसार पूरा गरेका प्रलेखहरू अदालतलाई प्रदान गर्नुहोस् र दायर शुल्क भुक्तानी गर्नुहोस्। तपाईं आफूले कागजपत्रहरू दायर गरेका समयमा क्लर्कबाट सुनवाइ मिति प्राप्त गर्न सक्नुहुनेछ वा सुनवाइ मिति प्राप्त गर्न तपाईंले पछिको कुनै मितिमा क्लर्कसँग सम्पर्क गर्नुपर्नेछ। यस सुनवाइको मिति र समय महत्वपूर्ण छन्, किनकि तपाईंले **चरण 3** र **चरण 4** मा वर्णन गरेअनुसार सुनवाइको सूचना वा प्रकाशन फारामहरू पूरा गर्नुपर्ने हुन्छ।

## चरण 3: इच्छुक व्यक्तिहरूका लागि सूचना (हुलाक वा प्रकाशनमार्फत)

नाबालिगको अभिभावकक नियुक्तिका लागि याचिका दायर गरिसकेपछि र सुनवाइको मिति निश्चित गरेपछि, तपाईं (वादी) ले याचिकाको एक प्रतिसहित सुनवाइको समय र स्थानको सूचना निम्नलिखित व्यक्तिहरूलाई दिनुपर्नेछ:

1. नाबालिगलाई, यदि नाबालिग 12 वर्ष वा बढी उमेरको भए।
2. याचिका दायर गर्नु अघि 60 दिनको अवधिमा उक्त नाबालिगको प्राथमिक स्याहार र रेखदेख गर्ने कथित व्यक्ति।
3. नाबालिगको प्रत्येक जीवित आमाबाबु वा, आमाबाबु नभए, सबैभन्दा नजिकको नाता लाग्ने पत्ता लगाउन सकिने वयस्क
4. नाबालिगद्वारा अभिभावक नामाङ्कित कुनै पनि व्यक्ति यदि नाबालिग कम्तीमा 12 वर्षको भए
5. आमाबाबु वा अभिभावकले नियुक्त गरेको कुनै पनि व्यक्ति §15-14-203(1), C.R.S. अन्तर्गत जसको नियुक्ति निषेध वा

अन्त्य गरिएको छैन

वा §15-14-203(2) अन्तर्गत जसको नियुक्तिमा सहमति भएको छ

6. यस राज्यमा वा अन्तै नाबालिगका लागि हाल अभिभावक वा संरक्षकका रूपमा काम गरिरहेको

### ❑ हुलाकबाट सूचना।

- ❑ **यदि तपाईँलाई आफूले सूचना दिन चाहेको व्यक्तिको ठेगाना थाहा छ भने** इच्छुक व्यक्तिहरूका लागि सुनवाइको सूचना (JDF 806) पूरा गर्नुहोस्।
- ❑ सुनवाइका लागि निश्चित गरिएको समयभन्दा कम्तीमा 14 दिनअघि अदालतमा दायर गरेका **सम्पूर्ण** प्रलेखहरू (अभिभावकत्वका लागि याचिकासहित) **तथा** पूरा गरिएको इच्छुक व्यक्तिहरूका लागि सुनवाइको सूचना हुलाकबाट पठाउनुहोस्।
- ❑ उक्त फाराममा आफूले सूचना पठाएका सम्पूर्ण व्यक्तिहरूको नाम र ठेगाना, पठाएको मिति सूचीकृत गर्दै सूचनाको प्रमाणपत्र खण्ड पूरा गर्नुहोस् र सुनुवाइका दिन वा अघि उक्त फाराम अदालतमा दायर गर्नुहोस्।
- ❑ यदि कुनै इच्छुक व्यक्तिको ठेगाना थाहा नभए, तपाईँले सुनवाइको सूचना समाचारपत्रमा प्रकाशित **गर्नुपर्नेछ।** तल प्रकाशनद्वारा सूचना हेर्नुहोस्।

### ❑ प्रकाशनद्वारा सूचना।

**यदि तपाईँसँग इच्छुक व्यक्तिहरूको अहिलेको ठेगाना थाहा छैन भने वा पहिचान ज्ञात छैन भने** र युक्तिसङ्गत तत्परताबाट पत्तालगाउन सकिँदैन भने तपाईँले सुनवाइको सूचना समाचारपत्रमा प्रकाशित गर्नुपर्नेछ। यो काम गर्नुभन्दा अघि तपाईँले वर्तमान ठेगाना पत्ता लगाउनका लागि इन्टरनेटमा खोजी गर्ने, पूर्व रोजगारदाताहरू, साथीहरू आदिसँग सम्पर्क गर्ने आदि इच्छा राख्न सक्नुहुन्छ।

- ❑ **प्रकाशनद्वारा सुनवाइको सूचना (JDF 716)।**
  - ❑ यो फाराम पूरा गर्नुहोस् र सुनवाइ सञ्चालन हुने काउन्टीमा सामान्य वितरण हुने कुनै समाचारपत्रमा प्रकाशित गर्नुहोस्।
  - ❑ उक्त सूचना प्रत्येक हप्ता, तीन क्रमागत हप्ताहरूमा प्रकाशित गर्नु पर्नेछ, जसमा प्रकाशनको अन्तिम मिति सुनवाइको मितिभन्दा कम्तीमा 14 दिन अघि हुनु पर्नेछ।
- ❑ प्रकाशन पूरा भएपछि वादीले समाचारपत्रबाट प्रकाशकको सपथपत्रका लागि अनुरोध गर्नु पर्नेछ। यो प्रकाशकको सपथपत्र - जुन समाचारपत्रले तयार गरेको हुन्छ - ले प्रकाशनद्वारा सुनुवाइको सूचना (JDF 716) प्रकाशित भएको थियो भन्ने प्रमाणका रूपमा काम गर्नेछ। यो प्रकाशकको सपथपत्र सम्यक उद्यम तथा प्रकाशनको प्रमाण (JDF 714) विषयको सपथपत्रमा संलग्न गर्नु पर्नेछ। तल उल्लिखित फाराम हेर्नुहोस्।

- ❑ **सम्यक उद्यम तथा प्रकाशनको प्रमाण विषयको सपथपत्र (JDF 714)।**
  - ❑ यस फारामका सम्पूर्ण खण्डहरू पूरा गर्नुहोस्। यस फारामको उद्देश्य भनेको प्रकाशनद्वारा सुनुवाइको सूचना (JDF 716) मा सूचीकृत व्यक्तिहरू पत्ता लगाउन तपाईले गरेका प्रयासहरूबारे अदालतलाई बताउन हो।
  - ❑ वादीले यस फाराममा हस्ताक्षर गर्नु पर्नेछ।

## चरण 4: सुनवाइ।

वादी सुनवाइमा उपस्थित हुनु पर्नेछ र अभिभावकत्व बच्चाको सर्वोत्तम हितमा किन छ भन्ने कुराको प्रमाण प्रस्तुत गर्न तयार रहनु पर्नेछ।

- ❑ आमाबाबुहरू कार्यवाहीहरूबारे जानकार रहेको र अभिभावकत्वका लागि उनीहरूको सहमति रहेको देखाउने प्रमाण प्रस्तुत गर्न तयार रहनुहोस्। यदि वादीले आमाबाबुले अभिभावकत्वका लागि सहमति जनाएको प्रमाणित गर्न सक्दैनन् भने, उसले/उनले आमाबाबुहरू बच्चाको स्याहार गर्न अनिच्छुक वा असमर्थ रहेको वा उनीहरूको अभिभावकत्वका अधिकारहरू खारेज गरिएको देखाउने प्रमाणहरू प्रस्तुत गर्न तयार रहनु पर्नेछ।

- ❑ यदि अदालतले अभिभावक नियुक्त गरे, उक्त अदालतले नियुक्तिको औपचारिक सूचनाका रूपमा पत्रहरू (JDF 830) जारी गर्नेछ र तपाईँलाई अभिभावक नियुक्ति आदेशको एक प्रति प्रदान गर्नेछ।
  तपाईँलाई पत्रहरू तथा आदेशको प्रामाणिक प्रतिहरू आवश्यक हुन सक्छन्। आवश्यक सङ्ख्याहरू भिन्न हुन सक्छन्, जुन तपाईँका परिस्थितिहरूमा निर्भर रहन्छन्।
  आदेशका प्रतिहरू आदेशमा पहिचान गरिएका सम्पूर्ण इच्छुक व्यक्तिहरूलाई प्रदान गर्नु पर्नेछ।

## चरण 5: अदालतले अभिभावक नियुक्त गरेपछिका आवश्यकताहरू।

- ❑ जिम्मेवारीहरूको प्राप्तिस्वीकार (JDF 800) पूरा गर्नुहोस्, हस्ताक्षर गर्नुहोस् र अदालतमा दायर गर्नुहोस्। यो फाराम दायर नगरूञ्जेल नियुक्तिका पत्रहरू जारी गरिने छैनन्।
- ❑ अदालतमा निरीक्षण मुद्दा जानकारी पत्र (JDF 705) पूरा गर्नुहोस्, हस्ताक्षर गर्नुहोस् र यदि दायर नगरेको भए अदालतमा दायर गर्नुहोस्। यो फाराम दायर नगरूञ्जेल नियुक्तिका पत्रहरू जारी गरिनेछैन।
- ❑ नाबालिगका लागि वार्षिक रिपोर्ट बुझाउन बाँकी छ छैन/कहिले बुझाउनु पर्ने हो निर्धारण गर्नका लागि अभिभावक नियुक्ति आदेशको सन्दर्भ लिनुहोस्। वार्षिक रिपोर्टको उद्देश्य अदालत तथा इच्छुक व्यक्तिहरूलाई नाबालिगको कुशलताबारे रिपोर्ट गर्ने हो। अभिभावकको रिपोर्ट नियुक्तिको आदेशमा सूचीकृत गरिएका व्यक्तिहरूलाई प्रदान गर्नु पर्नेछ। अभिभावकले अभिभावकको रिपोर्ट दायर गरेको सूचना सो रिपोर्टको एक प्रति सहित, अदालतमा रिपोर्ट दायर गरेको दश दिनभित्रमा नियुक्तिको आदेशमा सूचीकृत व्यक्तिहरूलाई प्रदान गर्नु पर्नेछ।
- ❑ अभिभावक र/वा संरक्षक नियुक्तिको सूचना (JDF 812) पूरा गर्ने विषयमा नाबालिगका लागि अभिभावक नियुक्त गर्ने आदेशको सन्दर्भ लिनुहोस्। यस फारामको उद्देश्य 12 वर्ष वा सोभन्दा बढीको नाबालिग तथा याचिकाको सूचना प्रदान गरिएका व्यक्तिहरूलाई, उनीहरूसँग अभिभावकत्व अन्त्य गर्न वा परिमार्जन गर्न अनुरोध गर्ने अधिकार छ भनी सूचित गर्नु हो।
- ❑ अदालतको आदेशबिना उक्त नाबालिग कोलोराडो राज्यबाहिर जान सक्नेछैनन्।

**नोट:**

नयाँ नियुक्त गरिएको अभिभावकलाई सहयोग गर्नका लागि अभिभावक पुस्तिका उपलब्ध छ। यस पुस्तिकाले समग्र जिम्मेवारीहरू तथा महत्त्वपूर्ण अभिभावकत्व समस्याहरू पहिचान गरेको छ साथै यसमा तयारीकर्तालाई सहयोग गर्नका लागि पूरा गरिएका नमुना फारामहरू छन्।

**अभिभावकका जिम्मेवारीहरू मृत्यु भएमा, राजीनामा दिएमा, अभिभावकलाई हटाएमा वा नाबालिगको मृत्यु भएमा, दत्तक ग्रहण गरिएमा, विवाह भएमा, वा बहुसङ्ख्या प्राप्ति भएमा अन्त्य हुनेछन्। अभिभावकत्वबाट दिइएको राजीनामाले अभिभावकत्वलाई त्यसबेलासम्म अन्त्य गर्दैन, जबसम्म अदालतले उक्त राजीनामा स्वीकृत गर्दैन।**